# कोभिड-19: मास्क लगाउने तथा अदालतको परिसरमा प्रवेश गर्ने सम्बन्धमा नयाँ मार्गदर्शनहरू

**सर्वोच्च अदालतको आदेश 2021-27 बमोजिम जारी गरिएको • लागू हुने मिति: 9 अगस्ट, 2021**

## अदालतको भवनमा प्रवेश गर्न नपाउने मान्छेहरू

मान्छेहरू निम्न अवस्थामा अदालतको भवनभित्र प्रवेश गर्न पाउने छैनन्:

- खोकी लाग्ने, स्वाँस्वाँ हुने वा सास फेर्न गाह्रो हुने, ज्वरो आउने, काम छुट्ने, थकान हुने, मांसपेशी दुख्ने, टाउको दुख्ने, नाक बन्द हुने वा नाकबाट सिँगान बग्ने, वाकवाकी लाग्ने वा वान्ता हुने, झाडापखाला लाग्ने, घाँटी दुख्ने वा स्वाद वा गन्ध हराउन थाल्ने जस्ता COVID-19 का कुनै पनि लक्षण देखिएका मान्छेहरू
- पछिल्लो 10 दिनमा COVID-19 को परीक्षण गराउँदा पोजेटिभ रिपोर्ट आएका वा सार्वजनिक गतिविधि सुचारु गर्ने अनुमति नदिइएका मान्छेहरू
- पछिल्लो 14 दिनभित्र COVID-19 को सङ्क्रमण पुष्टि भएका व्यक्तिसँग ती व्यक्ति सङ्क्रमित अवस्थामै रहेका बेला नजिकको सम्पर्कमा आएका र:
    - पूर्ण रूपमा खोप नलगाएका मान्छे वा
    - पूर्ण रूपमा खोप लगाए पनि लक्षण देखिएका मान्छे।
- CDC ले जारी गरेको पछिल्लो मार्गदर्शनबमोजिम क्वारेन्टाइन वा आइसोलेसनमा बस्नु पर्ने मान्छेहरू।

## मास्क लगाउनु अनिवार्य छैन तर लगाउन प्रोसाहन गरिन्छ

केन्टकीमा डेल्टा भेरियन्टको COVID-19 फैलिरहेको स्थितिलाई मध्यनजर गर्दै कुनै न्याय केन्द्र, अदालत वा अदालतका अन्य परिसरमा प्रवेश गर्ने सबैलाई मास्क लगाउन प्रोत्साहन गरिन्छ।

Administrative Office of the Courts • 1001 Vandalay Drive, Frankfort, Ky. • 502-573-2350 • kycourts.gov
P-185, मास्क लगाउन प्रोत्साहन गरिन्छ तर अनिवार्य गरिएको छैन, राज्यको कोषबाट प्रिन्ट गरिएको, अगस्ट 9, 2021